गरी अन्तिम भुक्तानी दिईनेछ । त्यसरी जाँचपास फरफारक गर्न केहि समय लाग्ने भएमा ५ % सम्मको रकम कट्टा गरी पछि जाँचपास फरफारक भएपछि भुक्तानी दिने गरी मूल्याङ्कनको आधारमा भुक्तानी दिन सकिनेछ ।

३) तर एकै पटक कार्य सम्पन्न गरी उपरोक्त कागजात साथ पेश भएका एकमुष्ठ भुक्तानी गर्न सकिने छ ।

## १४) अनुगमन तथा मूल्याङ्कन

१) उपभोक्ता समितिको गठनसँगसँगै उपभोक्ताको आम भेलाले आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवारमध्येबाट कम्तिमा दुई जना महिला र वडा नागरिक मञ्चबाट एकजना प्रतिनिधि समेत रहने गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

२) अनुगमन तथा सहजीकरण समितिले संवन्धित योजनाको कार्यान्वयन चरणमा योजनाको कार्य प्रगति, कार्य योजना अनुसार काम भए नभएको, गुणस्तरयुक्त ढंगले सञ्चालन भए नभएको आदि विषयमा निरन्तर अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

३) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नुपर्नेछ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायत थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन ।

## १५) म्याद थप

१) उपभोक्ता समितिले सम्झौतामा तोकिएको म्यादभित्र योजना सम्पन्न गर्नु पर्नेछ ।

२) सम्झौतामा निर्दिष्ट गरिएको म्यादभित्र सम्पन्न हुन नसक्ने अवस्था सृजना भएमा उपभोक्ता समितिले निर्णय गरी कारण सहित म्याद समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै सम्वन्धित प्राविधिकको सिफारिससाथ उपभोक्ता समितिको निर्णय राखी गाँउपालिकामा निवेदन पेश गर्नु पर्ने छ ।

३) यसरी म्याद थपको माग भई आएपछि सम्वन्धित प्राविधिकको कारण खुलेको प्रतिवेदनको आधारमा एक पटक कार्यकारी अधिकृतले म्याद थप गर्न सकिनेछ ।

४) यस वाहेक प्राकृतिक प्रकोप वा भवितव्य परी मनासिव कारण वाहेक बुदा नं.३ वमोजिमको म्यादभित्र सम्पन्न हुन नसक्ने विशेष परिस्थिति भएमा दोस्रो पटक स्थानीय निकायले म्याद थप गर्न सक्नेछ । त्यस्तो म्याद थप गर्नु पर्ने भएमा उपभोक्ता समितिबाट प्रचलित नियममा तोकिए अनुसार लाग्ने हर्जाना वरावरको योजनाको थप कार्य गराउन सक्नेछ ।

## १६ सार्वजनिक परीक्षण

१) गाँउपालिकामा वाह्य तथा आन्तरिक श्रोतबाट उपभोक्ता समिति मार्फत संचालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण कार्यविधि, २०६७ बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष